प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
सानोठिमी, भक्तपुरको

श्री मध्य पश्चिम प्राविधिक शिक्षालय नेपालगञ्ज उ.म.न.पा.-१८, भुजईगाँउ नेपालगञ्ज, बाँकेको नाममा सम्बन्धन/स्वीकृत डिप्लोमा इन फार्मेसी र स्थगित प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमलाई नामसारी ठाउँसारीका लागि माग गरेको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रकाशित मिति २०८२/०४/२७

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे डिप्लोमा इन फार्मेसी र प्रमाणपत्र तह नर्सिङ्ग (हाल स्थगनमा) कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री मध्य पश्चिम प्राविधिक शिक्षालय नेपालगञ्ज उ.म.न.पा.-१८, भुजईगाँउ नेपालगञ्ज, बाँकेले उल्लेखित संस्था एवं कार्यक्रमहरुलाई कोहलपुर-०९, बाँकेमा रहेको १०० वेडको कौसल्या मेमोरियल हस्पिटल संचालकका नाममा नामसारी ठाउँसारी गर्न पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुंदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं वैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०४/२१ गतेको निर्णयानुसार नामसारी ठाउँसारी प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन/स्वीकृति भै हाल स्थगित प्रमाणपत्र तह नर्सिङ्ग र सञ्चालनमा रहेको डिप्लोमा इन फार्मेसी कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित समय भित्र कसैको उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी एवं ठाउँसारी प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
फोन नं. ०१-६६३०४०८, सानोठिमी, भक्तपुर ।
इमेलः**ctevtaccreditation061@gmail.com**

कृपया दिइएको ढाँचामा परिवर्तन नगरी हुबहु राष्ट्रिय दैनिकमा ३ पटक प्रकाशित गर्नुहोला ।